०८८/१०/११

मिति २०७८ साल माघ १० गतेका दिन बसेको नगर कार्यपालिकाको पाँचौ बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो

निर्णय नं १

यस नगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/०९/१८ गतेका दिन बसेको बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे बैठकमा समीक्षा गरियो । निर्णयहरुमध्ये अधिकांश निर्णयहरु कार्यान्वयन भएका, हाल कोभिड १९ को संक्रमणको कारणले सार्वजनिक सुनुवाई, खेलकूद प्रतियोगिता जस्ता केही कार्यक्रमहरु सञ्चालन गर्न नमिल्ने भएकोले सो कार्यक्रमहरु स्थगित गरी कार्यान्वयन गर्न बाँकी अन्य निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत समिति, शाखा र वडा कार्यालयहरुलाई निर्देशन दिने ।

निर्णय नं २

क) यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७८/७९ को स्वीकृत बजेट, योजना तथा कार्यक्रम मध्ये हाल सम्म पनि सुरु नभएका वा सुरु भए पनि सबै बजेट खर्च नहुने किसिमका कुनै योजना तथा कार्यक्रम कटौती वा संसोधन गर्नुपर्ने भए सोको प्रस्ताव गरी चालु आर्थिक वर्षका कुनै योजना तथा कार्यक्रममा विनियोजित रकमले नपुग हुने भएमा त्यस्ता योजना तथा कार्यक्रममा रकमान्तर गर्नुपर्ने भएमा सम्बन्धित समिति, वडा कार्यालय तथा शाखा उपशाखाले मिति २०७८ माघ ११ गते दिनको १ बजे सम्म लिखित रुपमा नगरपालिकाको योजना शाखामा पेश गर्ने र सो संसोधन प्रस्तापमा नगर प्रमुख तथा उपप्रमुखसँग परामर्श गरी कार्यालयले संसोधित प्रस्ताव नगर सभा समक्ष पेश गर्ने ।

ख) दशौं नगर सभाको अर्को बैठकमा पेश गर्नुपर्ने देहायका विधेयक तथा नीतिहरु कार्यपालिका बैठकमा टेबुल भयो । नगर सभाको पहिलो बैठक लगायत आज टेबुल भएका कानुनहरुमा कुनै संशोधन भए सुझाव सहित सम्पूर्ण सदस्यहरुले मिति २०७८ माघ १३ गते सम्म विधायन समितिमा पेश गर्ने । सो समितिले त्यस्ता सुझावहरु समेत समेटी नगर सभाको बैठकमा पेश गर्ने ।

- दलित समुदायको अधिकार संरक्षण,प्रवर्धन र कार्यान्वयन विधेयक २०७८
- जनस्वास्थ्य ऐन पहिलो संसोधन विधेयक २०७८
- विपद व्यवस्थापन पहिलो संसोधन विधेयक २०७८
- दिशाजन्य लेदो व्यवस्थापन नीति, २०७८
- खानेपानी सरसफाई तथा स्वच्छता नीति २०७८
- कोहलपुर नगरपालिकाको सामाजिक समावेशीकरण नीति, २०७८
- खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी क्षमता अभिवृद्धि रणनीतिक योजना २०७८।८९ – ८०।८१
- नगरपालिकास्तरमा संचालनमा रेका मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी न्यूनतम् मापदण्ड अनुगमन सम्बन्धी मापदण्ड २०७८

निर्णय नं ३

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७८/७९ का स्वीकृत तथा दशौं नगरसभाबाट संसोधित समेत सम्पूर्ण योजना तथा कार्यक्रमहरु मध्ये विशेष प्रकृतिका योजना बाहेकका योजनामा सम्बन्धित वडा/विषयगत समिति/शाखा उपशाखा ले संचालन गर्ने विधि (उपभोक्ता, अमानत, ठेक्का वा अन्य कुनै भए सो समेत) खुलाई निर्णय तथा सिफारिस गरी २०७८ फाल्गुण मसान्त सम्म सम्झौता वा खरिद प्रक्रिया थालीन गरिसक्ने । सो



कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अवधि सम्म पनि सुरुवात हुन नसक्ने योजना तथा कार्यक्रमहरु तत् पश्चात संचालन नगरी चालु आर्थिक वर्षमा नपुग हुने न्यून बजेट पूर्ति गर्ने गरी योजना तथा कार्यक्रम कटौती गर्ने । सकेसम्म कोटेशनको माध्यमबाट योजनाहरु संचालन नगर्ने ।

<u>निर्णय नं ४</u>

क) यस नगरपालिकाको स्वीकृत दरबन्दीभित्र कार्यरत करारतर्फका कर्मचारीहरु तथा अत्यावश्यक सेवामा ज्यालादारीतर्फ कार्यरत विभिन्न कर्मचारीहरु तथा राष्ट्रिय भूमि आयोगको कार्यमा साविक देखि २०७८ पौष मसान्त सम्म कार्य गरिरहेका विभिन्न कर्मचारीहरुको सेवा निरन्तरताको माग निवेदन प्राप्त भएकोमा २०७९ असार मसान्त सम्म साविकका सेवा शर्त अनुसार कार्य गर्ने गरी म्याद थप गरी कामकाजमा लगाउने । करार सेवामा कार्यरत क्रमचारीहरुको क्रमशः सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने ।

ख) राष्ट्रिय भूमि आयोगको नापी सम्बन्धी कार्य भईरहेको र सो कार्यमा वडा नम्बर २ मा एकजना चेनमेन थप आवश्यकता परेको हुँदा सोही कार्यक्रमतर्फ बिनियोजित बजेटबाट भुक्तानी हुने तथा सो वडामा कार्य गर्ने अवधि सम्मको लागि मात्र एकजना चेनमेन थप गरी कार्य सम्पादन गर्ने ।साथै अन्य वडामा समेत एकजना चेनमेन आवश्यक पर्ने भए आफ्नो वडामा कार्य गर्ने अवधि सम्मको लागि मात्र कामकाजमा लगाउने ।

<u>निर्णय नं ५</u>

क) नेपाल सरकारको सशर्त कार्यक्रमको रुपमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि विभिन्न वडाहरुबाट सिफारिस भएका विभिन्न ५७ योजनाहरु स्वीकृत गरी सो शीर्षकमा प्राप्त भएको रकम रु ८२,९७,०००।-(अक्षरेपी बयासी लाख सन्तानब्बे हजार) मध्येबाट खर्च हुने गरी तत्काल कार्यान्वयन गर्ने ।

ख) यस नगरपालिकाका सहरीकरण भएका र घर बहालमा लगाउने वडाहरु (१,२,३,४,८,९,१०,११,१२ र १४) मा घरबहाल करको दायरा विस्तार गर्न बहालमा लगाएका घरहरु (बहाल बिटौरी करमा समावेश भएका घरहरुको समेत)को लगत संकलन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचिकृत व्यक्तिहरु मध्ये छनौट गरी काममा लगाउने। यसरी घरबहालको लगत लिने क्रममा कर्मचारी, जनप्रतिनिधी लगायतको टिम समेत स्थलगत खटिई सम्बन्धित घरधनीबाट स्वघोषणा गरेको बहाल रकमको नियमानुसार बहाल कर समेत संकलन गर्ने । यसो गर्दा २०७८ चैत्र मसान्त सम्म स्वघोषणा गरी कर बुझाउने घर धनीलाई कूल बहाल कर रकमको १० प्रतिशत छुट हुने व्यवस्था मिलाउने ।

<u>निर्णय नं ६</u>

क) त्रिभूवन विश्वविद्यालय, परिक्षा नियन्त्रण कार्यालय, बाँकेबाट लुम्बिनी, कर्णाली र सुदुर पश्चिम प्रदेशको कार्न्य सम्पादन गर्ने गरी कार्यालय भवन बनाउने जग्गा उपलब्ध गराउन अनुरोध गरेको र यस नगरपालिकाको सर्वदलीय बैठकबाट समेत निर्णय भई सिफारिस भएको यस नगरपालिकाको वडा नम्बर ४ कार्यालय, किरणनाला सँगै जोडिएको साविक रझेना ३ख को जग्गा मध्ये ६ कट्ठा ऐलानी प्रति जग्गा उपलब्ध गराउन नेपाल सरकारको सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ख) यस नगरपालिकाको वडा नम्बर ६ (साविक रझेना ७क र ७ख) को जग्गा जमिन फिल्डमा नपूग भएको, पूर्जा तथा कित्ता नम्बर नमिलेको लगायतका समस्या विद्यमान भएको हुँदा सो जग्गाहरुमा नगरपालिकाले नक्सापास, कारोबार सिफारिस लगायत कार्य हाललाई नगर्ने/ नगराउने । सो समस्या यथाशीघ्र समाधानका लागि नापी विभाग, काठमाडौं, नापी कार्यालय, बाँके एवं भूमि सुधार तथा मालपोत कार्यालय, बाँकेमा लेखी पठाउने ।



कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

ग) यस नगरपालिका क्षेत्रका विभिन्न राजमार्गहरु तथा मापदण्डका अन्य बाटोहरुमा संरचना बन्दा बाटोको मापदण्ड Right of way मा नै सेड ब्याक समावेश भएकाको हकमा थप सेड ब्याक छोड्न नपर्ने गरी भवन तथा बस्ती विकास मापदण्ड संसोधन गरी लागु गर्ने ।

घ) यस नगरपालिका क्षेत्रमा पर्ने सिक्टा सिँचाई आयोजनाको आसपासको क्षेत्रमा नक्सा पास कार्य गर्दा सो आयोजनाको मापदण्ड तथा नियमानुसार हुने गरी गर्ने ।

निर्णय नं ७

जिल्ला समन्वय समिति, बाँकेबाट यस नगरपालिका स्थित तपशिलका विद्यालयहरुको भवन निर्माणका लागि बजेट विनियोजित भई आएकोमा यस नगरपालिकाको कार्यालयबाट लागत साझेदारी वापतको रकम चालु आ.व. २०७८/०७९ मा विनियोजित क्र.स. ३८१ समपुरक कोष शिर्षकबाट लागत साझेदारी गर्ने।

तपसिल :

| क्र.स. | विद्यालयको नाम | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री ने.रा.आ.वि.चौधरिया | कोहलपुर-१४, चौधरीया | १०,००,०००.० | |
| २ | श्री सगरमाथा ज्ञानपुञ्ज मा.वि. | कोहलपुर-४, किरणनाला | १०,००,०००.० | |
| | जम्मा | | २०,००,०००.० | |

निर्णय नं. ८

यस नगरपालिका क्षेत्रमा विभिन्न मितिमा भएको आगलागी, बाढी तथा अन्य विपद्जन्य प्रकोपबाट पीडित नगरवासीले दिएको निवेदन अनुसार यस कार्यपालिकाको मिति २०७८।०८।११ को निर्णय बमोजिमकै मापदण्ड अपनाई देहाय बमोजिमको मापदण्डमा रहेर वातावरण तथा विपद्व्यवस्थापन समितिको सिफारिसमा राहत सहयोग उपलब्ध गराउने गरी मापदण्ड निर्धारण गर्ने ।

निर्णय नं. ९

यस नगरपालिकाका कृषकहरुको सुविधालाई ध्यानमा राखी च्याउ खेतीलाई लक्षित गरी चिलंग भ्यान खरिद गर्न नगरपालिकाको भेरी जेष्ठ नागरीक कृषक समूहले ब्यवस्थापन गर्ने गरी रु ७ लाख उपलब्ध गराउने । सो सवारी साधनको नियमानुसार लाग्ने कर छुटको लागि समेत सम्बन्धित निकायमा लेखी पठाउने ।

निर्णय नं. १०

यस नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA) को आर्थिक वर्ष २०७८।७८ को कूल प्राप्तांक सहितको विवरण सार्वजनिक गर्ने ।

निर्णय नं. ११

यस नगरपालिकामा आपतकालीन कार्य संचालन कार्य अन्तर्गत देहाय बमोजिमको बिधि र पद्दती अपनाई कार्य सम्पादन गर्न सम्बन्धित शीर्षकमा बिनियोजित बजेटबाट खर्च गर्ने गरी नपुग भएमा कार्यालयको अन्य शीर्षकबाट रकमान्भर गरी कार्य सम्पादन गर्ने । यस सम्बन्धी थप विषय वातावरण तथा विपद ब्यवस्थापन समितिको निर्णयानुसार कार्य गर्ने ।

देहाय



नगर कार्यपालिकाको कार्यालय
कोहलपुर नगरपालिका
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | पद | संख्या | थप सुविधा मासिक | जम्मा | फाल्गुन देखि आषाढ ५ महिना सम्मको |
|---|---|---|---|---|---|
| १. | दमकल चालक | २ जना | ३०००।- | ६०००।— | ३००००।- |
| २. | फायर मेन/ईन्चार्ज | १ जना | ३०००।- | ३०००।- | १५०००।- |
| ३. | फायर मेन | २ जना | ३०००।- | ६०००।— | ३००००।- |
| | जम्मा | | | १५०००।- | ७५०००।- |

२. अग्नि नियन्त्रण सम्बन्धी तालिम सञ्चालनका लागि लाग्ने एकमुष्ट खर्च रकम रु. ५००००।—

३. अग्नि नियन्त्रणका लागि आवश्यक पर्ने पोशाक, बुट, हेलमेट लगायतका सामाग्री खरिद रु. १०००००।—

४. बारुणयन्त्र चालक एवम् आपतकालीन सञ्चालन केन्द्र भवन निर्माण रु. ५०००००।—

५. आन्तरिक संचार सेट (वाकीटकी) सिस्टम खरिद तथा संचालन रु. ५०००००।-

जम्मा कुल रु. १२२५०००।-

निर्णय नं. १२

यस नगरपालिकामा अस्थायी प्रहरी चौकी, हवल्दारपूर, इलाका प्रशासन कार्यालय कोहलपूर, थारु कल्याणकारी सभा कोहलपुर, मालपोत कार्यालय बाँके, पुर्मल बस्नेतको पुत्का तथा भमरा संरक्षण कार्य लगायतले विभिन्न आर्थिक सहयोग तथा बजेट माग गरेको सम्बन्धमा छलफल भयो । सो योजना तथा कार्यक्रमहरु समेत संसोधित बजेट तथा कार्यक्रममा पर्ने गरी छलफल व्यवस्थापन गर्ने ।

निर्णय नं. १३

यस नगरपालिकाको वडा नम्बर ५ निवासी ८ वर्षीय बालिका रिसिका थारुको टाउकोमा गम्भीर समस्या आई अप्रेशन गर्नुपर्ने भएको र आर्थिक अवस्था ज्यादै दयनीय भएकोले सहायताको लागि वडा कार्यालयको समेत सिफारिसमा निवेदन प्राप्त भएको हुँदा सक्कल बिल भर्पाई संलग्न गरी आर्थिक सहायता शीर्षकबाट भुक्तानी हुने गरी रु ४० हजार उपलब्ध गराउने ।

निर्णय नं. १५

विश्व भरी महामारीको रुपमा फैलिएको कोभिड १९ को नयाँ भेरियन्टले यस नगरपालिकामा समेत संक्रमण तीव्र रुपमा फैलिएको हुँदा सो को व्यवस्थापनको लागि सम्बन्धित चिकित्सक, स्वास्थ्य शाखा लगायतको प्रस्तावमा सामाजिक विकास समितिले निर्णय गरी सिफारिस गरेपश्चात कार्यालयले कार्य अघि बढाउने ।

प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल